# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## २०७९




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**दुल्लू नगरपालिका**

**स्थानीय विपद् व्यवस्थापन समिति**

**दैलेख**

**प्रकाशन बर्षः** २०७९
**प्रकाशक :** स्थानीय विपद् व्यवस्थापन समिति, दुल्लू नगरपालिका

**प्राविधिक तथा सहजीकरण सहयोगः**

USAID/Mercy Corps Nepal/ सेवक दैलेख - भकारी कार्यक्रम
फोन नं : ०८९ ४११०८९

**परामर्श सहयोगः**

बि एण्ड बि इन्भाईरोमेन्टल सर्भिसेज प्रा.लि., कैलाली

९८५८७५१३६४, bbservices2020.env@gmail.com

**प्रकाशन सहयोगः**

USAID/Mercy Corps Nepal/ सेवक दैलेख - भकारी कार्यक्रम

# दुल्लू नगरपालिका

**दुल्लू दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

दुल्लू नगरपालिका २०७३

# शुभकामना

मिति : २०७९/०६/११

नेपालमा संघियताको कार्यान्वयनसंगै विपद व्यस्थापनका सम्बन्धमा समेत चासो बढ्न थालेको छ । वर्षेनी प्राकृतिक प्रकोपको कारण ठुलो मात्रामा धनजनको क्षती हुने गरेको, हाम्रो समुदायमा रहेका बस्तीहरु व्यवस्थित नभएको र नयाँ बन्ने भौतिक संरचनाहरुमा विपद् जोखिम न्यूनिकरणका दृष्टिकोणवाट नहेरी निर्माण गर्ने परिपाटिले गर्दा जोखिमको स्तर झनै बढाएको छ । खोलानाला, वनजंगल र वातावरणको उचित संरक्षण हुन नसकेको कारण प्राकृतिक प्रकोपको कारण हुने विपदको स्वरुपमा पनि परिवर्तन हुन पुगेको छ । हामीले गर्ने विकासका कार्यहरु पूर्णरुपमा वातावरण मैत्री नभएका कारण क्षतीको मात्रा बढाउन मद्धत पुगेको छ भने जोखिम अनुसार गर्नु पर्ने क्षमता अभिबृद्धि समेत प्रयाप्त मात्रामा गर्न सकिएको छैन ।

पश्चिममा कर्णाली नदी विच भागमा पादुका खोलाल छामघाट खोला, लोहोरे खोला रहेको दैलेख जिल्ला विभिन्न प्राकृतिक तथा गैह्प्राकृतिक विपद् जोखिमका हिसावले उच्च जोखिमयुक्त जिल्ला पनि हो ।

दुल्लू नगरपालिकामा प्रकोप र यस बाट हुने विपद्हरुलाई हेर्दा पहिरो, आगलागि चटयाग, हावाहुरी र नदीकटान दोहोरि रहने तथा वर्षेनी आईरहने प्रकोपको रुपमा रहेका छन भने भुकम्प पनि मानवीय, भौतिक तथा आर्थिक क्षति गर्ने प्रकोपका रुपमा देखापरेको छ । यसका अलावा खडेरी खेतिबालिमा लाग्ने रोगहरु र जंगली जनावरले बर्सेनी क्षति पुरयाएको छ ।

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्वाट सर्वसाधारणको जीउज्यान र सम्पत्तिको संरक्षण गर्न दैवी प्रकोप उद्धार ऐन २०३९ लाई प्रतिस्थापन गरी विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले विभिन्न निकायसंगको समन्वय र सहकार्यमा स्थानीय तहलाई जिम्मेवार बनाई विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था गरेको छ । विपद्जन्य परिस्थितिको सामाना गर्न प्रकोप पुर्वसुचना प्रणालीको विकास मार्फत सम्भाव्य, सबै प्रकारका प्रकोपको पुर्व सुचना दिने विपद् व्यवस्थापनका सबै चरणहरुमा समुदाय र विभिन्न क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरु संचालन गर्दै विपद् व्यवस्थापनको क्षेत्रमा, विपद् पुर्व, विपद्का समयमा र विपद् पश्चात विषयगत कार्यक्षेत्र अनुसार तत्काल लेखाजोखामा एकरुपता कायम गर्ने, विपद्वाट पर्ने असरहरुलाई न्युन गर्न तथा विपद् जोखिम हस्तान्तारण गर्ने प्रक्रियालाई व्यवस्थित गर्नका लागि विपद् जोखिम न्युनिकरण प्रणालीलाई समेत शुरुवात गर्न यो प्रतिकार्य योजना निमार्ण गरिएको छ ।

दुल्लू नगरपालिका स्थानीय विपद् व्यवस्थापन समिति, तयार नेपाल, सेवक नेपाल, भकारी कार्यक्रम निजी क्षेत्रका प्रतिनिधिहरु, गैरसरकारी संस्था, पत्रकार, वुद्धिजीवि, वडा कार्यालय तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति, शिक्षक, महिला वालवालिका तथा स्थानीय समुदायको सक्रिय सहभागितामा नगरपालिकाको संकटासन्नता तथा जोखिम विश्लेषण गरी यो योजनामा समावेश भएको छ । विपद् व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्न नगरपालिकाको तर्फवाट प्रतिवद्धता व्यक्त गर्दै यसको कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु । यो योजना तयार गर्न सहयोग गर्नुहुने सेवक नेपाल भकारी कार्यक्रम परामर्शदाताको रुपमा श्री जे.के ईन्जिनियरिंग यसोशियसन प्रा.लि. लाई धन्यवाद ज्ञापन गर्दछु । साथै दुल्लू नगरपालिकाको विपद् प्रतिकार्य योजना निर्माण र यो को कार्यान्वयन महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

भक्त प्रसाद रिजाल
नगर प्रमुख

# दुल्लू नगरपालिका

**दुल्लू दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

दुल्लू नगरपालिका २०७३

## शुभकामना

नेपाल बाढी, पहिरो, भुकम्प, आगलागि, चटयाङ्ग, असिनापानी, खडेरी लगायत बहुप्रकोप भएको देश हो । विश्वमान चित्रमा नेपाल भुकम्पीय जोखिमका हिसावले एघारौं स्थानको जोखिममा जलवायु परिवर्तनका हिसावले चौथो र पानीजन्य रोगका कारणले तिसौ स्थानको जोखिम पर्दछ जस बाट दैलेख जिल्ला पनि यि जोखिमबाट अछुतो छैन । विपद् उत्थानशिल समाज निमार्णका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशीलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहिकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भईसकेको छ ।

यस परिप्रेक्ष्यमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १६ को उपदफा १ मा जिल्ला व्यवस्थापन समितिको व्यवस्था रहेको छ भने सोहि दफाको उपदफा २ मा यस समितिको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ भने पालिका तहमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ को उपदफा १ मा पालिका तहका गठन प्रक्रिया र २ मा काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । यस लाई आधारमानी पालिकाको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने गराउने काम यस समितिको रहेको सन्दर्भमा. प्रत्येक वर्ष आईपर्ने मौषमी तथा अन्य प्रकृतिका विपद्को सामाना गर्दै खोज,उद्धार तथा राहतलाई व्यवस्थित गरी जनधनको क्षति न्युनिकरण गर्न यो पालिका स्तरिय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ कार्यान्वयनमा ल्याइएको छ ।

अतः यो विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निमार्ण गर्ने क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुर्याउनु हुने जिल्ला विपद् जोखिम व्यवस्थापन समिति दैलेख, सेवक नेपाल भकारी कार्यक्रम लगायत सरोकारवालाहरू सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ ।

अन्तमा, यो योजना सबैका लागि उपयोगी र प्रेरणादायी स्रोत बनोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

उप प्रमुख
विना कार्की

# विषय-सूची


**परिच्छेद १: पृष्ठभूमि........................................................................................................८**
१.१ दुल्लु नगरपालिकाको परिचय....................................................................................१
१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि ...................................................२
१.३ नगरपालिको विपदको संक्षिप्त स्थिति :.......................................................................३
१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य..............................४
**परिच्छेद २: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा तयारी प्रकृया.............................५**
२.१ ोजनाको उद्देश्य ........................................................................................................५
२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा ........................................५
२.३ योजना तयारी तथा अध्यावधिक प्रक्रिया.......................................................................६
क) प्रारम्भिक बैठक :........................................................................................................६
ख) दस्तावेजहरुको अध्ययन :.............................................................................................७
ग) मस्यौदा लेखन, पुनरावलोकन, प्रस्तुति तथा स्विकृतः..................................................७
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु...............................................................८
**परिच्छेद ३: नगरपलिकामा विपद् जोखिमको अवस्था............................................................९**
३.१. नगरपालिकाको प्रमुख प्रकोपहरू ..............................................................................९
३.२. विभिन्न प्रकोपबाट भएको क्षतिको बिवरण ..............................................................१०
३.३. सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ............................................................१४
३.४. कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था ...............................................................१४
**परिच्छेद ४: विषयगत निकायको भुमिका,जिम्मेवारी तथा बिवरण ................................................१७**
४.१ विषयगत क्षेत्रको परिचय तथा उद्देश्य :.....................................................................१७
४.२ विषयगत अगुवा (Cluster Lead) को कार्यशत...........................................................१७
४.४ विषयगत अगुवा तथा सहयोगिहरुको सम्पर्क बिवरण.................................................. २०
**परिच्छेद ५: सामान्य पूर्वतयारी योजना......................................................................... २७**
(क) समग्र व्यवस्थापन, सूचना तथा संचार क्षेत्रको सामान्य पूर्वतयारी योजना.................................. २७
(ख) खोज तथा उद्धार........................................................................................................ २८
(ग) खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना.................................................. ३०
(घ) स्वस्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना...............................................३१
(ङ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना .............................३२
(च) आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना................................३२
(छ) संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ............................................३३
(ज) आपत्कालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना.................................. ३४
(झ) शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना .....................................................३५

**परिच्छेद ६: पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ........ ३६
१० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्वतयारी र प्रारम्भिक कार्य ........ ३६
३ दिनको पूर्वानुमानद्वारा शुरू हुने प्रारम्भिक कार्य र पूर्वतयारी ........ ३८
१ दिनको पूर्वानुमानको आपत्कालिन पूर्व तयारी ........ ३९
**परिच्छेद ७: आपत्कालीन प्रतिकार्य योजना** ........ ४१
(क) समग्र व्यवस्थापन, सूचना तथा संचार क्षेत्रको प्रतिकार्य योजना ........ ४१
(ख) खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ ४१
(ख) खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ........ ४२
(ग) स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ........ ४३
(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ........ ४४
(ङ) आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ........ ४४
(च) संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना ........ ४५
(छ) आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ........ ४५
(ज) शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ........ ४६
**परिच्छेद ८: बन्दोबस्तीका सामग्री आाकलन तथा आवश्यकताको लेखाजोखा** ........ ४७
८.१. विषयगत क्षेत्र अन्तर्गत रहेका सामग्रीगत स्रोत/साधनको वर्तमान अवस्था ........ ४७
८.२. विपद् प्रतिकार्यका लागि दक्ष जनशक्ति ........ ५१
८.३. बन्दोबस्तीका सामग्रीको आाकलन ........ ५३
८.४. थप आवश्यकता र अनुमानित लागत ........ ५३
**परिच्छेद ९: विविध** ........ ५७
९.१ आर्थिक श्रोत र उपलब्ध हुने विधि ........ ५७
९.२ अन्य निकायहरूसागको समन्वय र सहकार्य ........ ५७
९.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ........ ५७
९.३.१. लक्ष्य र सूचकहरू ........ ५७
९.३.२ अनुगमन, मूल्याङ्कन र परिमार्जन ........ ५८
९.३.३ क्षमता विकास रणनीति र योजना ........ ५९
**सन्दर्भ सामग्री** ........ ६०
**अनुसूचीहरू** ........ ६१
अनुसूची १. नगरपालिका स्थित सरोकारवालाहरु ........ ६१
अनुसूचि २: CADRE तालिम प्राप्त जनशक्ति ........ ६३
अनुसूचि ३: संकटासन्नताको वडागत बिवरण ........ ६४

# परिच्छेद १:

# पृष्ठभूमि

## १.१ दुल्लु नगरपालिकाको परिचय

दैलेख जिल्लामा विद्यमान ११ स्थानीय तहहरु मध्ये दुल्लू नगरपालिका जिल्लाको दक्षिण पश्चिममा अछाम जिल्लाको सिमावर्ती क्षेत्रसँग जोडिएर अवस्थित रहेको छ। साविक दुल्लू नगरपालिका, गमौडी, कालभैरव, गौरी र मालिका गरी एक नगरपालिका र ४ वटा गाविस मिलेर बनेको यो नगरपालिका १५६.७७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । कर्णाली प्रदेश अन्तर्गत पहाडी भेगको विशेषता बोकेको यो नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

समुन्द्री सतहबाट करिब ५४४ मिटर देखि ४१६८ मिटर सम्मको उचाईमा रहेको नगरपालिकाको भौगोगिक अवस्थितिका हिसाबले २८ डिग्री ४५ मिनेट ३५ सेकेण्ड देखि २८ डिग्री ५४ मिनेट २१ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ३१ मिनेट २१ सेकेण्ड देखि ८१ डिग्री ४१ मिनेट १९ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। दुल्लू नगरपालिका दैलेख जिल्लाको दक्षिण पश्चिमीभागमा रहेको छ । यस नगरपालिकाको पूर्वमा भैरवी नगरपालिका , नारायण नगरपालिका र डुङ्गेश्वर नगरपालिका , अछाम जिल्ला, दक्षिणमा गुराँस नगरपालिका र उत्तरमा चामुण्डा विन्द्रासैनी नगरपालिका र भैरवी नगरपालिका को सिमाना जोडिएको छ। जिल्लाको कुल क्षेत्रफलको १०.४२ प्रतिशत भुभाग ओगटने यस नगरपालिकाको क्षेत्रफल १५६.७७ वर्ग किलोमिटर रहेको छ। नगरपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय रुपले फरक विषेशता बोकेको क्षेत्र हो । बाईसे चौबिसे राज्यकालमा दुल्लू राज्यको राजधानीको रुपमा चर्चित दुल्लु खस राजा नागराजको शितकालिन राजधानी रहेको कुरा ऐतिहासिक वर्णनहरुमा उल्लेख गरिएको छ। विभिन्न शिलालेखहरुमा यस ठाउँलाई दुर्लभ प्रदेश, दुर्लङ्घ्य नगर भनेर उल्लेख गरेको भएतापनि यस नगरपालिकाको नामाकरणको सम्बन्धमा बालेश्वर शिवालय र धुलेश्वर पर्वतको बीचमा रहेको नागदुलोको नामका कारण यो क्षेत्रको नाम दुलो भएको र पछि अपभ्रंस हुँदै दुल्लू रहेको कुरा स्थानीय जनश्रुतीमा रहेको पाइन्छ र यसैबाट नगरपालिकाको नाम दुल्लू रहन गएको हो । साविक यस भेग अर्न्तगत रहेका दुल्लू नगरपालिका, गमौडी, कालभैरव, गौरी र मालिका गाविस मिलाएर वि.सं. २०७३ सालमा दुल्लू नगरपालिकाको गठन गरिएको हो । दुल्लू नगरपालिका कर्णाली प्रदेश अर्न्तगत दैलेख जिल्लामा अवस्थित रहेको छ । साविकका १ नगरपालिका र ४ गाविसहरु समावेश गरी बनाइएको यस नगरपालिकामा १३ वडाहरु रहेका छन्। दैलेख जिल्लामा विद्यमान ११ स्थानीय तह मध्ये दुल्लु नगरपालिका पनि एक हो । हाल यस नगरपालिकाको अस्थायी केन्द्र साविक दुल्लू नगरपालिकाको कार्यालय रहेको स्थानमा स्थापित छ। भेरी अञ्चलको दैलेख जिल्लामा रहेको यो नगरपालिका जिल्ला भित्र प्रतिनिधि सभाको लागि २ निर्वाचन क्षेत्र निर्धारण गरिएको छ। यो नगरपालिका प्रदेश सभा निर्वाचन क्षेत्रको लागि तय गरिएका दुई वटा निर्वाचन क्षेत्र मध्ये २"क" अन्तरगत पर्दछ । दुल्लू नगरपालिकामा प्राकृतिक र गैर प्राकृतिक बहुप्रकोपका कारण उच्च जोखिममा रहेको देखिएको छ। हरेकवर्ष खोलाहरुमा आउने बाढी तथा भिरपाखामा जाने पहिरोका कारण यस नगरपालिकाले वर्षेनी जनधनको क्षति बेहोर्दै आएको छ। मानवीय र आर्थिक क्षतिको हिसावले हेर्ने हो भने सबैभन्दा बढी मानवीय क्षति पहिरो हावाहुरी, चट्याङ र महामारीका

कारण भएको देखिन्छ । त्यसैगरी आगलागी, वाढी, जंगलि जनावरको समस्या जस्ता कारण मानवीय भौतिक तथा आर्थिक क्षति भएको अवस्था छ ।

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो । विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्प जोखिमका दृष्टिले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिबर्ष बिभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये बार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, घर संरचना, वन क्षेत्र,  बालीनाली र धनसम्पत्तीको नोक्सान हुने गरेको छ ।

कमजोर भु-बनोट, जटिल भुगर्भीय संरचनाका, बदलिदो जलवायु अवस्था, बढ्दो शहरीकरण, जनसंख्या बृद्धि तथा मानवीय असावधानीका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विश्लेषण अनुसार नेपालमा कुनै पनि समय ठूलो भूकम्प जान सक्ने र त्यसबाट धेरै ठुलो मानविय तथा भौतिक क्षति हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते गोरखा क्षेत्रमा आएका भुकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतिका भुकम्पहरु आउने अनुमान गरिदै छ । यस्तै हरेक बर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् । यी उदाहरण मात्र नभएर यथार्थ र वास्तविक पनि हुन । यसको अर्थ अब सबै हाम्रो काबुभन्दा बाहिर गैसकेकै हो त भन्ने प्रश्न उठ्न सक्छ तर हामीले सावधानी अपनायौं, पूर्वतयारीमा जुट्यौ भने विपद्लाई पनि क्रमिक रुपले हाम्रो नियन्त्रणमा लिन सक्नेछौ त्यसका लागि स्थानीय सरकारको समन्वयमा स्थानीय स्तरमा काम गर्ने सरकारी गैरसरकारी, सामुदायिक संघसंस्थाहरु, स्थानीय तहमा रहेर काम गर्ने निजी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैको सहकार्य भएमा मात्र विपद् जोखिम न्युनिकरण गरी उत्थानशील समाज तथा नगर बनाउन सक्छौ ।

नेपालको संविधान २०७२, विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सन्चालन ऐन २०७४, विपद् जोखिम न्युनिकरण नीति एवम् रणनीतिक कार्ययोजना २०७५ तथा विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन नियमावली २०७५ लगायतका राष्ट्रिय नीति तथा कानुनी दस्तावेजको आधार र विपद जोखिम न्युनिकरणका लागि सेण्डाई कार्यढाँचाको मर्मलाई आत्मसात गर्दै स्थानीय तहको विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन लाई संस्थागत गर्ने र समुदायस्तरबाट नै विपद् उत्थानशीलता बृद्धि गर्न बान्छनीय भएको हुलाले नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन २०७६) बमोजिम तयार पारिएको स्थानिय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना खाका बमोजिम तयार गरेको यस योजनाले भविष्यमा स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा नयाँ फड्को मार्ने अपेक्षा गर्न सकिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत नगरपालिका  तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ ।

वि.सं २०६५ साल जेठ १५ गते नेपाल सरकारले संघीयतामा जाने निर्णय गरेसँगै देशमा तीन तहका सरकारहरुको प्रादुर्भाव भयो । केन्द्रमा संघीय सरकार, प्रदेशमा प्रादेशिक सरकार र स्थानीय तहमा स्थानीय सरकार निर्माण भएसँगै सोही अनुरुप तहगत संरचनाहरुको निर्माण भए । जसअनुरुप केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन राष्ट्रिय परिषद गठन भएको छ, गृहमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको निर्माण भएको छ । त्यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति निर्माण गरिएको छ । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिलाई कायम गरिएको छ भने स्थानीय तहमा नगरपालिका को अध्यक्षको अध्यक्षतामा तथा नगरपालिकाको मेयरको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका कार्यलाई तहगत रुपमा जिम्मेवारी हस्तान्तरण गरिएको छ । सोही अनुरुप हरेक तहले आफ्नो लागि आवश्यक ऐन , नियम कानुनहरु निमार्ण गर्ने र कार्यान्वयन गर्ने प्रावधान अनुरुप संघीय सरकारले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) को अधीनमा रही दैलेख जिल्लाको दुल्लु नगरपालिकाले विभिन्न सरकारी निकाय, गैरसरकारी क्षेत्र, स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, स्थानीय जनप्रतिनिधि, स्थानीय तहमा रहेर काम गरिरहेका विभिन्न मानवीय सेवामा समर्पित संघसंस्थाहरु समेतको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ निर्माण गरेको छ ।

## १.३ नगरपालिको विपदको संक्षिप्त स्थिति :

दैलेख जिल्लाको अन्य स्थानियतहको तुलनामा दुल्लू नगरपालिका प्राकृतिक र गैर प्राकृतिक बहुप्रकोपका कारण उच्च संकटासन्न स्थानियतह अन्तरगत रहेको जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९मा उल्लेख गरिएको छ । विगतमा भएको जनधनको क्षति तथा घटना संख्याको आधारमा यस नगरपालिकालाई बहुप्रकोप जोखिमको दृष्टिकोंणले उच्च संकटासन्न मानिएको हो । यस नगरपालिकामा पहिरोले सबै भन्दा बढि क्षति गरेको छ, जसको पूनरावृत्ति पनि उच्च छ । मूलतः पहिरोले जमिन, घर कटानी, पूर्ण क्षती गर्ने, खेतियोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको छ । यसबाट मानिसहरू अस्थायी वा स्थायी रूपमा विस्थापित हुने अवस्था हुन्छ । यस बाहेक बाढी, हावाहुरी, जनावर आतङ्क, सुख्खा/खडेरी, आगलागी, चट्याङ, सडक दुर्घटना, महामारी आदि प्रकोपबाट पनि उल्लेख्य क्षति भएको देखिन्छ । वडागत रुपमा गरिएको वर्गिकरणमा वडा नम्बर १, ३ र ११ **उच्च** संकटासन्न अवस्थामा रहेका छन् भने वडा नं १२ न्युन संकटासन्न अवस्थामा रहेको र यसका साथै अन्य नौ वटा वडाहरु मध्यम संकटासन्न रहेको अध्ययनले जनाएको छ । पछिल्लो दशकमा जलवायुमा आएको परिवर्तको कारण प्रकोपका

घटनाहरु बढेको तथा जोखिम वढ्दो क्रममा रहेको छ । यसका साथै नगरपलिका भूकम्पका कारण तथा कोभिड १९ र पानीजन्य महामारीका कारण पनि उच्च जोखिममा रहेको छ ।

## १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ । यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ । तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ । यो योजना विपद्पश्चात संचालन गरिने आपतकालीन प्रतिकार्यका गतिविधिहरूलाई सुचारु गर्नका लागि निर्माण गरिएको छ । यो कार्ययोजना मुख्यत विपद्बाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ ।

- मानवीय सहायता एवम् विपद् जोखिम न्युनीकरण र ब्यवस्थापनमा संलग्न निकाय तथा उपलब्ध साधन श्रोतको पहिचानमा सहयोग गर्दछ ।
- विपदको समयमा मानवीय सहयोगलाई ब्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- खोज,उद्धार,राहत र पुर्वतयारीका कार्यहरुमा प्रभावित समुदायको समान तथा समाबेशी पहुंचको सुनिश्चितता प्रदान गर्छ ।
- स्थानीय श्रोत साधन, ज्ञान सिप र प्रविधिको पहिचानमा सहयोग प्रदान गर्दछ ।
- उद्धार तथा राहत जस्ता कार्यमा प्रभावित समूदायको समान प्रत्याभूति गर्दछ ।
- आपतकालीन समयमा सूचना र जानकारीलाई ब्यवस्थित गर्न सहयोग गर्दछ ।
- दुल्लु नगरपालिका को विपद् जोखिमको अवस्था अध्ययन गर्ने खोजकर्ताहरुको लागि श्रोत सामग्री बन्दछ ।

# परिच्छेद २:

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा तयारी प्रकृया

## २.१ योजनाको उद्देश्य

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित र व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति न्यूनीकरण गर्नु हो । विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ । यसका साथै दुल्लु नगरपालिकामा विपद् पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाई जनधनको क्षति कम गर्नु रहेको छ । यस योजनाका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्: ।

- विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्युनीकरणका कार्य सुनिश्चित गर्ने ।
- विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने ।
- विपद् जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीयतह र समुदायबीच सहकार्य अभिवृद्धि गर्ने ।
- उद्धार र राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्ने ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थितका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास गर्ने ।
- सङ्कटासन्न तथा अति संकटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन गर्ने ।
- मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान गरि स्रोत र साधनको आँकलन गर्ने ।
- बिषयगत क्षेत्रहरुको बाढी, भूकम्प र आगलागीको आकस्मिक योजना निर्माण गरि प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण गर्ने ।
- विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पर्‍याउन सरल उपायहरु अविलम्बन गर्ने ।
- विपद् जोखिम् न्यूनीकरण गर्न सराकोरवालाहरुबीच समन्वयात्मक संयन्त्रको निर्माण गरि प्रकोपको समय र प्रकोप पश्चात् तत्काल प्रतिकार्य सहजरुपले प्रारम्भ गर्ने ।
- विपद्को समयमा पालिका तथा वडा विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रतिकार्यका गतिविधीलाई प्रभावकारीरुपमा अघि बढाउन सहयोग गर्ने ।

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा

विपद् व्यवस्थापनका विभिन्न चरणहरु मध्येविपद् पुर्वतयारीका माध्यमबाट विपद् जोखिम न्युनिकरणका प्रारम्भिक कार्यहरु, विपद्को समयमा गरिने आपतकालीन प्रतिकार्यहरु र प्रतिकार्यका लागि पुर्वतयारीका कार्यहरु र आपतकालीन पुर्नलाभका कार्य गरिने हुनाले यस योजनाबाट विपद् प्रभावितहरुको मानव अधिकारको रक्षा, जनधनको क्षति न्युनीकरण, जीविकोपार्जनमा सहयोग तथा पुर्वतयारी तथा प्रतिकार्यमा सबैको समान सहभगिता सुनिश्चित गदै विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका सबै चरणलाई व्यवस्थित र प्रभावकारी रुपले एकसाथ लाने अपेक्षा राख्न सकिन्छ । यसका अतिरिक्त यस योजनाका अपेक्षित नतिजालाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. विपद्पूर्व गरिने पूर्वतयारीका क्रियाकलापहरुको सुनिश्चितता हुनेछन ।
२. आपतकालीन समयमा विपद् प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित र प्रभावकारी रुपले कायान्वयन हुनेछन् ।
३. प्रतिकार्यका क्रियाकलापहरुमा विपद् प्रभावितहरुको प्रत्यक्ष पहुँच सुनिश्चित हुनेछ ।
४.विपद् प्रभावितहरुमा आ आफ्नो अधिकार तथा कर्तब्यबोध सुनिश्चित हुनेछ ।
५. विषय क्षेत्रगत रुपमा जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वियल हुने भएको हुनाले मानवीय सहयोग प्रभावकारी ब्यवस्थित र पारदर्शी हुनुका साथै सेवाप्रदायक निकायमा जवाफदेहिता, उत्तरदायित्व र अपनत्वको भावना विकास हुने अपेक्षा राख्न सकिन्छ ।
६. सकारात्मक विभेदको नीति मार्फत प्रभावकारी विपद पुर्व तयारी तथा विपद प्रतिकार्य गरिनेछ

## २.३ योजना तयारी तथा अध्यावधिक प्रक्रिया

नगर प्रमुखको अध्यक्षतामा स्थानीय बिपद् ब्यवस्थापन समिति क्रियाशिल रहेको छ । यो समितिको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरु नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७७ र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) बमोजिम रहेको छ । दुल्लु नगरपालिका अर्न्तगत अधिल्ला वर्षहरुमानै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि लागु गरिएको छ । नगरपालिकामा आइपर्न सक्ने विपद्हरुलाई प्रभावकारी ढंगले सामना गर्न सक्ने क्षमताको विकास तथा पुर्वतयारीको आवश्यकतालाई महशुस गरी विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना ९म्एच्ए० तर्जुमा मार्गदर्शनमा भएको प्रावधान अनुसार स्थानीय विपद् ब्यवस्थापन समिति दुल्लू नगरपालिकाको अग्रसरतामा यस नगरपालिकामा यो योजना निर्माण गरिएको छ । गृह मन्त्रालयले बि.स.२०६४ देखि विपद् जोखिम न्युनिकरणमा संलग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार गर्ने कार्यको प्रारम्भ गरेको देखिन्छ । विपद् सम्वन्धी साझा धारणा निर्माण तथा उद्धारकर्ताको संगठनात्मक भूमिका, प्रकृया र पद्धतिमा सुधारका लागि विभिन्न तह र क्षेत्रमा निकाय, अन्तराष्ट्रिय गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी तथा सरकारी अधिकारीहरुको संलग्नतामा विभिन्न गोष्ठी तथा छलफल गर्ने गरेको छ । यी छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई मध्यनजर गर्दै नगरपालिका स्थित सरोकारवाला निकाय बीच विपद् सम्बन्धी साझा धारणा र बुझाई कायम गरी योजना तर्जुमाका लागि विभिन्न चरणमा बैठक, कार्यशाला गोष्ठी सम्पन्न गरि नगरपालिका स्तरिय योजना तयार गरिएको छ । यस वर्षकालागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक कार्यका लागि दस्तावेजमा रहेका तथ्यांकहरुलाई पुनरावलोकन तथा संसोधन मार्फत कार्य अगाडी वढाइएको छ ।

### क) प्रारम्भिक बैठक :

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने क्रममा नगरपालीका विपद् व्यावस्थापन समितिका पदाधिकारीहरु मुख्य सरोकारवालाहरु जनप्रतिनीधीहरु, वडा अध्यक्षहरु, बिचमा नगरपालिकाको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्ने सम्बन्धमा यसको आवश्यकता, महत्व तथा विधि प्रकृया वारे प्रस्तुति गरि प्रारम्भिक छलफल गरिएको थियो । उक्त बैठकमा योजनाको प्रभावकारि कार्यान्वयनका लागी आवश्यक विषयगत क्षेत्रहरुको अवधारणा बारेमा छलफल गरिएको थियो । बैठकले विशेष गरेर नगरपालीकाको जनसंख्या र जोखिमलाई आधार मानेर सहयोग पुरयाउने उदेश्यले न्यूनतम प्रतिकार्य योजना अध्यावधिक गर्न परिदृश्य निर्माण गरिएको थियो । उक्त क्रममा नगरपालिकालाई सहयोग गरिरहेको गैर सरकारी संस्थाहरु, सुरक्षा

निकाय एवं सरोकारवाला निकायहरु विच छलफल भै आवश्यक सुचना संकलनका कार्यहरु भएका गरिएका छन । उक्त प्रारम्भिक बैठकले तय गरेको छलफल अनुसार विगतका वर्षहरुको अभ्यासको आधारमा ९ वटा विषयगत क्षेत्रहरु अनुरुप विपद् पूर्वतारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्न कार्य तय गरिएकोथियो । सहभागीमूलक रुपमा विषयगत क्षेत्रको संभावित विपद्को परिदृश्य, विषयगत क्षेत्रको उदेश्य, प्रतिकार्य गर्ने क्रियाकलापहरु र त्यसकालागि आवश्यक पर्ने पूर्वतयारीका कार्यहरु तय गरिएको थियो ।

## ख) दस्तावेजहरुको अध्ययन :

बिभिन्न निकायहरुवाट बिभिन्न समयमा बिपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजनाहरु सम्बन्धि प्रतिवेदनहरु प्रकाशन भएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि बिभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको छ । नगरपालिकामा रहेका विपद संग सम्वन्धित विभिन्न दस्तावेजहरु, ऐन, नियमहरु, कार्ययोजना, कार्यबिधिहरु तथा अनलाइनबाट उपलब्ध समाग्रिहरुको अध्ययन गरिएको छ । यस दस्ताबेजको अध्यावधिकका दौरान अध्ययन गरिएका केही सन्दर्भ सामाग्रीहरु विवरण निम्नानुसार छन् ।

| क.स. | प्रतिवेदन/प्रकाशनको नाम |
|---|---|
| १ | दैलेख जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८/७९ |
| २ | नगरपालिकामा विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन २०७७ |
| ३ | विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७ (नगर) |
| ४ | आपतकालिन कार्यसंचालन विधि २०७५ (नगर) |
| ५ | मस्यौदा स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना आ.व. २०७८/७९ – ०८७/०८८ (नगर) |
| ६ | विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७७ (नगर) |
| ७ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका २०६७ को पहिलो संसोधन २०७६ |
| ८ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ |
| ९ | विपद जोखिम न्युनिकण तथा व्यवस्थापन ऐन २०७४ को पहिलो सम्शोधन २०७५ |
| १० | स्थानीय सरकार सञ्चालन सम्वन्धमा व्यवस्थापन गर्न वनेको ऐन २०७४ |
| ११ | स्फेयर परियोजना |
| १२ | प्रकोप पिडित लाई राहत प्रदान गर्ने मापडण्द २०४५, तेश्रो संशोधन २०७४ |
| १३ | राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा २०७० को पहिलो सम्शोधन २०७५ |
| १४ | दिगो बिकास लक्ष्य २०२०-३० |
| १५ | विपद् जोखीम न्युनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ |
| १६ | प्रादेशिक विपद् ब्यवस्थापन योजना, २०७७, |
| १७ | विपद् जोखिम न्यूनिकरणका लागि सेण्डाई फ्रेमवर्क (२०१५-२०३०) |
| १८ | विपद् पोर्टल तथा अनलाइन उपलब्ध सुचनाहरु |

## ग) मस्यौदा लेखन, पुनरावलोकन, प्रस्तुति तथा स्विकृतः

दुल्लू नगरपालिकाले तयार पारेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ दस्ताबेजलाई पुनरावलोकन तथा केही पुर्नलेखन गरि सवै विषयगत क्षेत्रहरुको भुमिकालाई थप प्रस्टाउने तथा तथ्यांकले देखाउने जोखिमको आधारमा योजनाहरु समावेस गरिएको छ । विगत वर्षको अनुभव तथा सरोकारवालहरुको सल्लाह

र सुझावको आधारमा बिषयगत योजनाहरु नगरपालिकाको क्षमताको आधारमा सुधार गरिएको छ। यसरि तयार पारिएको मस्यौदा विपद् पूर्वतयारी र प्रतिकार्य योजना सरोकारवालाहरुको संयुक्त बैठकमा प्रस्तुत गरि सुझावहरुको आधारमा थप परिमार्जन गरि अन्तिमरुप दिइएको छ। यसरी बैठकबाट छलफल तथा आवश्यक परिमार्जन सहित तयार भएको दस्ताबेजलाई आगामी नगरकार्यपालिका बैठकबाट मिति .................. मा प्रस्तुत गरि पारित गरिएको छ।

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु

- प्रस्तुत योजना दुल्लू नगरपालिका सँग सम्बन्धित रहेको हुनाले यसको कार्यान्वयन यसै नगरपालिकामा सीमित हुनेछ।
- प्रस्तुत योजनास्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा कार्यान्वयन हुनेछ
- प्रस्तुत योजना दुल्लू नगरपालिकाको स्वीकृति पश्चात मात्र कार्यान्वयन हुनेछ

# परिच्छेद ३:

# नगरपलिकामा विपद् जोखिमको अवस्था

## ३.१. नगरपालिकाको प्रमुख प्रकोपहरू

यस नगरपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा पहिरो, बाढी, भूकम्प, हावाहुरी, जनावर आतङ्क, आगलागी, सुख्खा/खडेरी, असिनापानी, चट्याङ, महामारी र सडक दुर्घटना आदि पर्दछन् । यस्ता प्रकोपहरुले गरेको मानवीय र भौतिक क्षतिलाई हेर्दा पहिरोबाट बढी मानवीय क्षति, भौतिक क्षति र जीविकोपार्जनका श्रोतको अत्यधिक क्षति भएको देखिन्छ । हाम्रा अव्यवस्थित बिकास निर्माण कार्यले ल्याउन सक्ने बिपद्लाई पूर्व बोध गर्न नसक्नाले पनि क्षतिको मात्रालाई बढाईरहेको छ । प्राकतिक श्रोतको अत्यधिक विनास तथा संरक्षण हुन नसक्दा तथा जलवायुमा आएको परिवर्तनले गर्दा खडेरी पनि एउटा मूख्य प्रकोपको रुपमा रहेको पाइन्छ । असिनाबाट हरेक बर्ष अन्नबालीको नास हुने गरेको छ भने चट्याङ्गका कारण घाइते तथा ज्यान गुमाउनेहरुको संख्या पनि पछिल्ला बर्षहरुमा बढ्न थालेको छ । यसै गरी सन् २०२० को जनवरी देखि विश्वव्यापी महामारीको रुपमा देखापरेको कोरोना भाइरस (कोभिड-१९) बाट हुनसक्ने विपदलाइ समेत ध्यानमा राखि जोडागत स्तरिकरण Pairwise Ranking Approach को आधारमा गरिएको स्तरीकरणलाई निम्न तालिकामा देखाइएको छ ।

| प्रकोपहरु | पहिरो | बाढी | कोभिड-१९ | झाडापखाला | आगलागि | खडेरी | हावाहरी | चट्याङ्ग | असिना पानी | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | × | पहिरो | कोभिड-१९ | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | × | × | कोभिड-१९ | झाडापखाला | आगलागि | खडेरी | बाढी | बाढी | बाढी | बाढी |
| कोभिड-१९ | × | × | × | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ | कोभिड-१९ |
| झाडापखाला | × | × | × | × | आगलागि | झाडापखाला | झाडापखाला | झाडापखाला | असिनापानी | झाडापखाला |
| आगलागि | × | × | × | × | × | खडेरी | हावाहुरी | आगलागि | असिनापानी | आगलागि |
| खडेरी | × | × | × | × | × | × | खडेरी | खडेरी | असिनापानी | खडेरी |
| हावाहरी | × | × | × | × | × | × | × | हावाहुरी | असिनापानी | हावाहुरी |
| चट्याङ्ग | × | × | × | × | × | × | × | × | असिनापानी | सडक दुर्घटना |
| असिना पानी | × | × | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| सडक दुर्घटना | × | × | × | × | × | × | × | × | × | × |
| जममा अंक | ८ | २ | ८ | ५ | २ | ४ | २ | ० | ५ | २ |
| जोखिम स्तर | १ | २ | १ | ३ | ५ | ४ | ५ | ६ | ३ | ५ |

प्रकोप स्तरिकरणका आधारमा कोभिड १९ र पहिरो पहिलो प्रकोप, बाढी दोस्रो, झाडापखाला र असिना तेस्रो, खडेरी चौथा आगलागी र हावाहुरी पाँचौं प्रकोपकोरुपमा पहिचान भएका छन भने यसका साथै अन्य

प्रकोपहरुको स्तरिकरण तालिकामा प्रस्तुत गरिएको छ । तर, नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले सरकारले विपद् व्यवस्थापनका कार्यक्रम तय गर्दा भूकम्पीय जोखिम व्यवस्थापनलाई पहिलो प्राथमिकता दिने निर्णय गरेकोले भूकम्प यस पालिकाको विपद्को सूचीमा समेटिएको छ । जंगली जनावर जदेल र बाँदर

## ३.२. विभिन्न प्रकोपबाट भएको क्षतिको बिवरण

दुल्लू नगरपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति पहिरोले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च छ । मूलतः पहिरोले जमिन, घर कटानी, पूर्ण क्षती गर्ने, खेतियोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको छ । यसबाट मानिसहरू अस्थायी वा स्थायी रूपमा विस्थापित हुने अवस्था हुन्छ । यस बाहेक बाढी, हावाहुरी, जनावर आतङ्क, सुख्खा/खडेरी, आगलागी, चट्याङ, सडक दुर्घटना, महामारी आदि प्रकोपबाट पनि उल्लेख्य क्षति भएको देखिन्छ । यस नगरपालिकातहमा विगत १५ वर्षमा भएका क्षतिको बिवरणहरु संक्षिप्तमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **मुख्य प्रकोप** | **प्रभावित स्थान** | **विगत १५ वर्षमा भएका क्षतिहरु** |
|---|---|---|
| पहिरो | वडा नं १मा तल्लो डुङगेश्वर बजार, देउतीचौर | तल्लोडुङगेश्वरमा २०६५/०६६ सालमा २० घरधुरी विस्थापित<br>विगत १० वर्ष देखि निरन्तर समस्या भएको, बस्ती सारनु पर्ने बाध्यता सृजना भएको<br>देउतीचौर, वडाबाटा, गम, बजाड, खौलामा २०७६/०७७ सालमा १६ घरधुरी तथा ३५० रोपनी जग्गा नष्ट भएको |
| | वडा नं २ मा भावरराले सिमगांडा पानसैन, पानसैन भाटीमेले वोड इग्यान तारापानी तरिया | १ करोड लाख बराबर को धनको क्षति भएको, संरचना बगाएको |
| | वडा नं ४ मा घट्टेखोला, सानगाउं, बडीमुल, टिमुरगाउं, बगेखोला | विगत १० वर्ष देखि निरन्तर समस्या भएको, बस्ती सारनु पर्ने बाध्यता सृजना भएको |
| | वडा नं ५मा रनुखाना तल्लो बस्ती, पोखरा तल्लो बस्ती, रिजुको तल्ले गाँउ | वर्षायाममा हरेका वर्ष पहिरोको समस्या रहेको तथा<br>बाढी/ कटानले पुल्तेगाउं, पछेरीपाटा, निमाडा अम्रा जैली बारतडी, गाइखुर सक्लेन र रनुखानामा समस्या ल्याएको छ । |
| | वडा नं ६मा ढणगाउं, लामाआवत, दक्तुलेखालगाउ, धन्नाहलुज, लेखालगाउं विद्यालय जोखिममा | करिब ३० घरधुरी र ३०० रोपनी जग्गा अति जोखिममा रहेको, जग्गा जमीनको क्षति हुन गएको र विद्यालय भवनमा क्षतिभएको |
| | वडा नं ७को खेतगाउं, साउनबाडा, कालिमाटी, भण्डारगाउं, झिरतला | विगत १५ वर्षमा १० रोपनी खेतबारी र पाखा बारी बगाएको, सडकको पानी बस्तीमा पसेको |

| मुख्य प्रकोप | प्रभावित स्थान | विगत १५ वर्षमा भएका क्षतिहरु |
|---|---|---|
| | वडा नं ८को कुरज्यान, झिरताला, खोलाधारा वसपानी आदी | १५ रोपनी खेत र पाखो बारी बगाएको, विगत ५ वर्ष देखि क्षति वढेको । |
| | वडा नं ९को विभिन्न स्थानहरुमा | हुडीखोला, नाराघाट बाढीपहिरो क्षेत्र स्यालखोला सोत खोलाले २०६४ सालमा ५० घरधुरीको क्षेती ५ हेक्टर जग्गा बगाएको र १५ हेक्टर खेत बगाएको, मध्य पहाडी पुलदेखी मेहलकुनासम्म २०६४मा ६ हेक्टर खेत वगेको, लितीकोट देखि वोक्से र नाराघाट सम्म २०७८ सालमा १० हेक्टर खेत वगेको, पादुका खोला देखि नेपाघाट सम्म ५ हेक्टर खेत वगेको, धामीगाउँ स्कुलदेखि भजनीया सम्म ५ हेक्टर जग्गा पाखो बगेको, २०६४ मा पादुका मन्दिर ज्वालाघर बगेको |
| | वडा नं १० | २०६९ मुल्की, राजाकांधमा खेतबारी तथा वनजगंलको क्षति |
| | वडा नं १२को डाब मसुरेखेत, सल्ले घोडावान चादापानी | २०७६ साल र २०६५ सालमा १४ घरधुरी बस्ने नमिल्ने भएको, खेतीयोग्य जमिन नष्ट भएको |
| | वडा नं १३ दत्तु छिन्चा खोला साविक ६ खातीगौडा | २० रोपनी खेतीबारी नोक्सानी<br>२०६९ सालमा जेष्ठ १५ गते पहिरोका कारण साविक २ मा ७ जनाको ज्यान गएको |
| उच्च वर्षा | २०६० देखि हाल सम्म, १० नं वडा पुरै | २५ वटा घर, अन्नबाली र लताकपडा सबै नष्ट |
| | लोहरे खोला  बाडी | २०६५ सालमा ५ जना बगेर मृत्यु |
| हावाहुरी/आगलगी | वडा नं १<br>नाउलेगाउँ, ठाटा, झाडगाउँ, टिमिलापानी, तल्लो डुङगेश्वर, बोकराना, बस्तीहरु भौलु, बाङगाताडा | २०७५/०७६ सालमा १० वटा घरको छाना उडाएको<br>२०७४ देखि २०७९ असार महिना सम्म पटक पटक आगलागी भएको<br>(भौलुरानी, ढुङगा तथा भौलु, गिठीखोला) सामुदायिक बनमा आगलागी । |
| | वडा नं २,<br>तारापानी तरिया | २० घरधुरीमा हवाहुरीले घरको छानो मा आगो लागेर छाना धवस्त भएको |
| | वडा नं ४<br>सानगाउं बडीमूल, भण्डारी गाउं,<br>टिमुरगाउं, शान्तिबजार,<br>रसियापाटा, बगौरा,<br>डाडांआवत लगायतका बस्तीमा आगलागि | सामुदायिक बनमा प्रत्येक वर्ष आगो लाग्ने ।<br>प्रत्येकवर्ष १० देखि १५ घरमा क्षति हुने गरेको । हवाहुरी कारणले घरको छानो उडाउने । |

| मुख्य प्रकोप | प्रभावित स्थान | विगत १५ वर्षमा भएका क्षतिहरु |
|---|---|---|
| | | हावहुरी सबै जसो वडामा सुख्खा मौसममा (फाल्गुन देखि बैशाख) |
| | वडा नं ६मा | **विगत १५ वर्षमा** २० वटा घरधुरी  र वन क्षेत्र तथा विद्यालयमा क्षति हुन गएका |
| | वडा नं ७मा | २०७५ र २०७७ सालमा विद्यालय छाना उडाएको र पर्खाल भत्काएको अनुमानित  १० लाखको क्षति गरेको सामान्य क्षतिहरु वर्षै पिच्छै हुने गरेको |
| | वडा नं ८मा | कबडहलको पाता उडाएको, धुलेश्वर मा.वि. चगत्राको छाना उडाएको, जगनाथको देउरामा आगलागी भएको, विगत १५ वर्षम अनुमानित ३० लाख को क्षति भएको । |
| | वडा नं ९ फाल्गुन देखी जेष्ठ महिना सम्म | १० हेक्टर जग्गामा भएको मकैवाली हावाहुरीले पूर्णरुपमा नष्ट भएको (२०७१), वृद्धाश्रमको छाना उडाएको (२०६४), जमना सार्कीको घर, टेकराज पुरकिो मिल, नागरिक सचेतना केन्द्रको भवन गरी ३ वटाको छाना उडाएको २०७९ वैशाखआगलागिबाट दर्थनी टोलमा १ घर पूर्णरुपमा जलेको, १ बच्चा मरेको |
| | १० नं वडा पुरैमा जोखिम रहेको | २०७३, २०७५ र २०७७ हवाहुरी ले १० वटा घरको छाना क्षति आगलागी का कारण ४वटा घर अन्नबाली र लताकपडा सबै |
| | १२ नं वडा | २०७१ साल, २०५८साल,२०६५ साल ३ वटा घर जलेको, भैसी जलेर मरेको |
| | १३ नं वडा | २०७४ साल कार्तिक १२ गते<br>२०७९/०१/१७ गते (तियाडी प्रा..वि.)<br>२०६५ मा श्री सरस्वती आ.वि. खातीगौडा २०७४ मा श्री छडुङ्ग आ.वि.कुनकाटिया |
| जंगली जनावर आतंक | वडा नं १<br>तल्लोडुङगेश्वर, भौलु, गिडिखोला, बोकराना, टिमिलापानी बस्तीहरुमा | मकै तथा धान बालीमा निरन्तर क्षती गरेको,<br>२०७६ सालमा बंदेल ले १ जना घाइते बनाएको |
| | वडा नं २, वडा नं ७, बाँदर र बंदेल का कारण खेती पाती नष्ट भएको | सबै बस्तिहरुमा समस्या रहेको |
| | वडा नं ४, सानगाउं बडीमूल, शान्तिबजार क्षेत्रमा मृग (रतुवा) खरायोले बाली नष्ट गर्ने | भण्डारी गाउमा मान्छे शक्त घाइते बनाएको<br>लगाएका बाली नाली खाने गरेको । |

| मुख्य प्रकोप | प्रभावित स्थान | विगत १५ वर्षमा भएका क्षतिहरु |
|---|---|---|
| | वडा नं ६मा पुसाकोट, पानीमुल, मेला, लजैं अरिकाले, तोलीपानी, लेखालगाउं तथा अन्य सबै बस्तिमा | हरेका वर्ष वालिनालि नोक्सानि भएको |
| | वडा नं ८मा निरन्तर समास्या रहेको । | बाँदर र बंदेल का कारण खेतीपाती नष्ट भएको |
| | वडा नं ९मा जोखिम हुने बस्तीहरु: दर्थनीटोल, वडीपाटी, सियापाटा,काप्डीकाडा, प्यादुरा, सालमेला, रावतवाडा, भेडीखर्क, आदि टोलहरु | बाँदर र बंदेल का कारण खेतीपाती नष्ट हुने । |
| | वडा नं १२ बाँदर, बंदेलको आतंक | २०७४ मा स्यालको टोकाई बाट १जनाको मृत्यु |
| | वडा नं १३ बाँदर, बंदेल, बाघ र दुमसी आदी को आतंक | मानिस तथा खेतीबालीमा नोक्सानी हुने गरेको |
| असिना पानी, सुख्खा खडेरी | सबै स्थानमा | सबै स्थानमा समस्या रहेको |
| | वडा नं ४, तेल पोखिया, कृष्णकोट, पुकाना | पिउने पानीको समस्या तथा कृषि उत्पादनमा ह्रास आएको । बिगत १० वर्ष देखि |
| | असिनापानी वडा नं ६ | ७५० घरधुरीमा २०७६ सालमा क्षति हुनगएको |
| | वडा नं ७,८,९, १० | सबै जसो क्षेत्रहरुमा खडेरीले कृषि क्षेत्रमा असर गरेको । |
| चट्टयाङ्ग | वडा न. १२ | २०६७ सालमा साविक मालिका ९मा १वटा भैंसी को चट्टयाङ्गका कारण मृत्यु |
| | वडा न. ११ | विगत १५ वर्षमा भएको जन/धनको क्षति  २० घरधुरी |
| | वडा न. १२ काल्ला घर, दशपाते टोल | २०७१, २०७६, ३ जना घाइते |

## ३.३. सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

दुल्लु न.पा.को प्रकोप जोखिम विश्लेषणलाई हेर्दा यस नगरपालिकामा विभिन्न प्रकोपहरुको जोखिम रहेको पाईन्छ । बिगतमा भएका घटनाहरुको आधारमा पहिरो, बाढी, कोभिड, झाडा पखाला, आगलागि, खडेरी, हावाहुरी, चट्याङ्ग, असिना पानी, सडक दुर्घटना, तुषारो आदि जस्ता प्रकोपको सामना यस पालिकाका वासिन्दाहरुले गरेका छन । यसैगरी यस नगरपालीकामा पहिरो र बाढीले बिगतका बर्षहरुमा निकै ठूलो क्षती पुगाउनुका साथै चट्यांग, आगलागी र महामारीले पनि क्षती पुगाएको कुरा ऐतीहासीक समयरेखालाई हेर्दा देखीन्छ । यसका साथै बन्यजन्तुले खेतीवाली नष्ट गर्ने जोखिम पनि रहदै आएकोछ । सुख्खा/खडेरीले गर्दा वर्षेनी अन्नबाली उत्पादनमा कमि भई रहेको जनगुनासो छ । पानीका स्रोतहरु हिउँदयाममा बढी सुक्दै गएको र भविष्यमा तापक्रम बढ्ने अनुमान गरिएकोले यस क्षेत्रमा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्ने छ । यसका साथै वहुप्रकोपको जोखिमको आधारमा यस नगरपालिकाको विभिन्न वडाहरुको सङ्कटासन्नता स्तरीकरणको अवस्था तलको तालिकामा देखाईएको छ ।

**तालिका- २ : वडाहरूको सङ्कटासन्नता स्तरीकरण**

| जोखिमको अवस्था | उच्च संकटासन्न | मध्यम संकटासन्न | न्यून संकटासन्न |
|---|---|---|---|
| वडाहरु | १, ३, ११ | २, ४, ५, ६, ७,८, ९, १०, १३ | १२ |

## ३.४. कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

नगरपालिका तहको समग्र विपद् व्यवस्थापनकालागि आवश्यक संधिय, प्रादेशिक तथा स्थानिय कानुनहरुमा तपशिल बमोजिम बमोजिम रहेका छन् ।

**नेपालको संविधान, २०७२**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा परिभाषित गर्नुका साथै राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तब्य र अधिकारको व्यवस्था गरेको छ । संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय बनाएको छ । साथै अनुसूची ८ मा विपद व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (ज) प्राकृतिक स्रोत साधनको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**

विपद व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वधसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गर्दै जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको

प्रवन्ध गरी विपद पूर्व, विपदको समयमा एवं विपद पश्चातको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो । साथै साबिकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपदलाई समेत मूलप्रवाहीकरण गर्दै विपद अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको हो । उक्त ऐनको परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

**विपद जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५**

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरुपमा कमी गर्नु तथा तिनीहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपदले पुर्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य लिएको छ ।

**दुल्लू नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७**

दुल्लू नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजि तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि स्थनिय कानून बनाउन प्रभावकारी भएकाले यस नगरपालिकाले नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी मिति २०७७ माघ १५को नगर परिषद वाट यो ऐन बनाएको छ । यस ऐनले नगर विपद् व्यवस्थापन समिति तथा वडा स्तरिय विपद् व्यावस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकारहरु प्रस्ट्याएको छ । त्यसैगरि विपद्को समयमा सुरक्षा निकाय तथा अन्य निकायको परिचान सम्बिन्धि व्यावस्था, विपद् व्यावस्थापन कोष सम्बन्धि व्यावस्था र परिचालन, कसुर सजाय तथा बिबिध अन्तर्गत आपनकालिन अवस्थामा गरिने खरिद, राहत, संकटग्रस्त क्षेत्र घोषण तथा बन्देजको व्यावस्थाहरु वारे प्रस्ट पारेकाले स्थानिय स्तरमा विपद् व्यवस्थापन गर्न कानुनि आधार सहज हुने छ ।

**विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७**

संयुक्त राष्ट्र संघ विपद् जोखिम न्यूनीकरण अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रूपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन सबै सरकारलाई आग्रह गरे बमोजिम नेपाल सरकार गृह मन्त्रालयले २०६९ सालमा “विपद्जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च” गठन गरेको छ । त्यसैका आधारमा स्थानीय तहमा पनि कार्यमञ्च गठन गर्न बान्छनीय भएकाले विपद् व्यवस्थापनका विभिन्न क्षेत्रमा कार्य गर्ने बहूसरोकारवाला निकाय र व्यक्तिहरुको सहभागिता रहेको खुला मञ्चको रूपमा व्यवस्थित ढङ्गले सञ्चालन गर्न आवश्यक भएकोले दुल्लु नगरपालिकाको ८५ औं नगर कार्यपालिका बैठकबाट “विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७” स्वीकृत गरी जारी गरिएको छ । विपद् व्यवस्थापनका क्षेत्रमा कामकाज गर्ने, गराउने सरकारी निकाय, संघ संस्था, राष्ट्र संघीय निकाय, दातृ निकाय, गैरसरकारी संस्था, प्राज्ञिक, निजी तथा सञ्चार क्षेत्र, सामुदायिक संघ संस्थाको सहभागितामा विपद् जोखिम न्यूनीकरणका लागि समन्वय, सहकार्य, साझेदारी गर्ने तथा विपद् व्यवस्थापनकालागि प्रदेश र केन्द्र सरकार संगको समन्वयलाई बलियो बनाउन यस कार्यञ्चले भुमिका खेल्ने छ ।

**आपतकालिन कार्यसंचालन कार्यविधि २०७५**

भौगोलिक, भौगर्भिक, सामाजिक तथा आर्थिक र अव्यवस्थित वस्ती विकास जस्ता कारणले बढ्दै गएको विपद्को जोखिमलाई न्यूनीकरण गर्दै दुल्लू नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट हुन सक्ने विपद्बाट सर्वसाधारणको जीउज्यान तथा सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्दै आपत्कालीन समयमा नागरिकको तत्कालै खोज तथा उद्धार गरी सहयोगको सुनिश्चितताका लागि दुल्लू नगरपालिका आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरेको छ र उक्त कार्यसञ्चालन केन्द्रको व्यवस्थपन गर्न आपतकालिन कार्यसंचालन कार्यविधि २०७५ जारी गरिएको छ । नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र विपद व्यवस्थापन समितिको निर्देशनमा सञ्चालित हुनेछ । यसले आपतकालिन अवस्थामा चौविसै घण्टा कार्य गर्ने छ ।

**विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७७**

दुल्लू नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गेरप्राकृतिक विपद्बाट हुनसक्ने जोखिम न्यूनिकरण तथा व्यावस्थापनका लागि कोषको व्यावस्था अपरिहार्य रहेको तथा उपरोक्त कोषको सञ्चालन गर्न आवश्यक स्रोत संकलन तथा परिचालन गर्न नगरपालिका विपद् व्यावस्थापन कोष संचालन कार्यविधि २०७७ निर्माण गरि लागु गरिएको छ । यस कोषको रकम विपद्को घटनाबाट प्रभावितहरुलाई स्थानिय स्तरमा राहत सहायता गर्न तथा सहायता गर्न सहयोगि हुनेछ । यसका साथै जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने विश्वास लिइएको छ ।

**अन्य स्थानिय कानुनहरु**

स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना आ.व. २०७८/७९ – ०८७/०८८ (ड्राफ्ट) निर्माणको चरणमा रहेको छ भने अन्य आवश्यक स्थानिय निति तथा कानुनहरु पनि छलफलको चरणमा रहेका छन् । यस नगरपालिका स्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन तथा आवश्यक मार्गदर्शनहरू बन्ने क्रममा रहेका छन् ।

# परिच्छेद ४:

# विषयगत निकायको भुमिका, जिम्मेवारी तथा बिवरण

## ४.१ विषयगत क्षेत्रको परिचय तथा उद्देश्य :

विपद्‌बाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारीको बाँडफाड नै विषयगत क्षेत्रको रुप हो । उद्धार तथा राहत, सूचना व्यवस्थापन, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा जस्ता विषयमा विशेषज्ञता हासिल गरेको समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिँदा मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी बन्ने अवधारणका साथै क्षेत्रगत अवधारणालाई विपदबाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउने गरी गरिएको कार्यविभाजन भनेर पनि बुझ्न सकिन्छ । क्षेत्रगत अवधारणाका प्रमुख विशेषता देहायअनुसार रहेका छन्

- विपद्‌को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीमा सुधार गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहायअनुसार रहेका छन्

- क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु ।
- आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु ।
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु ।
- समन्वय र समझदारी अभिवृद्धि गर्नु ।क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

## ४.२ विषयगत अगुवा (Cluster Lead) को कार्यशर्त

विषयगत अगुवा भन्नाले कुनै क्षेत्रमा परेको समस्या समाधानमा समन्वय गर्न तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति, संस्था, शाखा वा निकायलाई विषयगत अगुवा संस्था भनिन्छ । अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी क्रियाकलाप गर्न र योजना तर्जुमा गर्ने सिलसिलामा नगरपालिकामा कार्यरत सबै निकायका वीच छलफल गर्न साझा मञ्च प्रदान गरी आवश्यक सहजकर्ताको कार्य गरी यस कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग प्रदान गर्नु हो ।

**विषयगत अगुवाको काम कर्तव्य :**

(१) विषयगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) तथा सदस्यहरुका वीचमा उपयुक्त विषयगत समन्वय स्थापना तथा व्यवस्थापन गर्ने ।

(२) राष्ट्रिय/स्थानीय निकाय, सरकारी निकाय, स्थानीय नागरीक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्ने ।

(३) प्रत्येक विषयगत क्षेत्रमा अगुवाले सवै विषयगत सदस्यसंग समन्वय गरी आफ्नो विषयक्षेत्रमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तर्जुमा गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकता प्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकता प्राप्त पूर्वतयारी कार्य तयारी, प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान खाडल पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन् ।

(४) नयाँ आपत्कालीन अवस्थाका लागि पर्याप्त आकश्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।

(५) विषयगत क्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।

(६) विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।

(७) विपद् व्यावस्थापन समितिलाई विपद् व्यावस्थापनका लागि स्रोत साधनको आवश्यकता पहिचान गर्ने ।

(८) विषयगत क्षेत्रका प्राथमिकता प्राप्त कार्य संचालन गर्न दातृ समुदायलाई मानवीय सहायताकर्मीमा लगानी गर्न अनुरोध गर्ने । साथै विषयगत क्षेत्रका सहभागीहरुलाई सामान्य माध्यमबाट उनीहरुको स्रोत साधन परिचालन गर्न प्रोत्साहीत गर्ने ।

(९) प्रभावकारी प्रतिकार्य पूर्वतयारीको लागि न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने तथा विपद् सम्बन्धी तथ्याङ्क संकलन, विपद् जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने वा सहयोग प्रदान गर्ने ।

(१०) गतवर्षमा अनुभवको आधारमा सफलता, चुनौति तथा खाडल पहिचान गर्ने ।

(११) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा सवै विषयगत क्षेत्रकासदस्य संस्थाहरु लगायत सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।

(१०) मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने । उनीहरुको कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयगत क्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

## ४.३ विषयगत क्षेत्र अगुवा निकाय तथा विषयगत जिम्मेवारी

विपद्को अवस्थामा हुन सक्ने मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्न तथा प्रतिकार्यलाई छिटो, छरितो, व्यवस्थित तथा जवाफदेही बनाउन मानवीय सहायताको क्षेत्रमा कार्यरत निकायहरुको पहिचान, पहुंच आँकलन र भुमिका यकिन गर्न अति आवश्यक हुन्छ । दुल्लु नगरपालिकाले विपद् प्रतिकार्यका लागि ९ वटा विषयगत क्षेत्रहरू निर्धारण गरी कार्यसमूहहरू गठन गरेको छ । सबै विषयगत क्षेत्रहरुको अगुवा नेतृत्वकर्ता निकाय तथा तिनको प्रमुख जिम्मेवारीहरु तलको तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ ।

| क.सं | विषयगत क्षेत्र | जिम्मेवार निकाय /शाखा | जिम्मेवारी |
|---|---|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना तथा संचार क्षेत्र | नगर विपद् व्यवस्थापन समिति, आपतकालिन कार्यसंचालन केन्द्र तथा सुचना | विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, नगरपालीकाको संस्थागत क्षमता विकास गर्ने, गराउनुका साथै सरकारी, निजी, एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा बिपद् |

| क.सं | विषयगत क्षेत्र | जिम्मेवार निकाय /शाखा | जिम्मेवारी |
|---|---|---|---|
| | | प्रविधि शाखा | व्यवस्थापन सम्बन्धि कार्य गर्नेछ। |
| २ | खोज तथा उद्धार क्षेत्र | नगर विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा हस्तान्तरण) को लागि प्रवन्ध मिलाउने, प्रभाबितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । |
| ३ | खाद्य तथा कृषि क्षेत्र | कृषि विकास शाखा | विपद्को अवस्थामा प्रभाबितहरूलाई तत्काल सुख्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, पकाउनको लागि प्रवन्ध मिलाउने र कृषिक्षेत्रमा भएको क्षति विवरण तयार गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । |
| ४ | स्वास्थ्य तथा पोषण क्षेत्र | स्वास्थ्य शाखा, पोषण शाखा | विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने,<br>महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने,<br>शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पताल सम्म पुर्‍याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने,<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा पोषणको कमि भएमा त्यसबाट हुनसक्ने समयस्या बारे प्रभाबित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । |
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र | नगर विपद् व्यावस्थापन समिति तथा खानेपानी उपभोक्ता समितिहरु | विपद्को अवस्थामा खानेपानी आपूर्ति, प्रकोपको कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू ( जस्तैः हाईजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । महिलाहरु सरसफाईको कार्यमा धेरै नै संलग्न हुने भएकोले हाईजिन किट लगायतका सामग्री सहयोगमा महिलाहरुलाई प्राथमिकता दिने । |
| ६ | आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्र | भौतीक पूर्वाधार शाखा | • विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका पीडितहरूलाई आपत्कालीन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने, प्रभाबितहरूलाई गैर-खाद्य सामग्री वितरण आदि जिम्मेवारी निर्वाह गर्नेछ । उक्त संरचना बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि पहुँचयुक्त संरचना निर्माण गर्नुपर्ने । |

| क.सं | विषयगत क्षेत्र | जिम्मेवार निकाय /शाखा | जिम्मेवारी |
|---|---|---|---|
| ७ | संरक्षण तथा सुरक्षा क्षेत्र | महिला वालवालीका तथा जेष्ठ नागरीक शाखा, सामाजीक सुरक्षा तथा पंजीकरण शाखा | विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, ज्येष्ठ नागरिकहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू (जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।<br>• लैंगिक बिभेदमा आधारित हिंसा रोकथाम तथा सम्बोधन गर्नुका लागि संरक्षण संयन्त्रलाई सुदृढ बनाउनका साथै हिंसा रोकथाम तथा लैंगिक हिंसा प्रभाबितहरुका लागि आपत्कालीन सहयोग प्रदान गर्ने, मनोसामाजिक परामर्श प्रदान गर्ने । |
| ८ | आपत्कालीन शिक्षा क्षेत्र | शिक्षा यूवा तथा खेलकुद शाखा | विपद्को कारण यदि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सो को व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ । |
| ९ | शीघ्र पुनर्लाभ क्षेत्र | योजना शाखा | विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाहका साथै बिषेश योजना बनाई कार्यान्वयन गराउने कर्यगर्नेछ ।<br>आर्थिक पुर्नलाभका कृयाकलापहरुमा महिला, अपांगता भएका ब्यक्ति, बिपन्न ब्यक्ति तथा अन्य अति संकटासन्न ब्यबक्तिहरुलाई प्राथमिकता दिनुपर्ने । |

## ४.४ विषयगत अगुवा तथा सहयोगिहरुको सम्पर्क बिवरण

दुल्लू नगरपालिकाको समग्र विपद् व्यावस्थपनका लागि विभिन्न बिषयगत शाखा तथा सरोकारवालाहरुको प्रमूख भूभिका रहदै आएको पाईन्छ । यस वाहेक जिल्ला, प्रदेश तथा संघिय सरकारका निकायहरु, सहयोगी निकायहरु तथा दातृ निकायहरुको पनि योगदान रहदै आएको छ । यस नगरपालिका स्थित प्रमूख सरोकारवालाहरुलाई बिषयगतरुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**समग्र व्यवस्थापन, सूचना तथा संचार क्षेत्र**

| क्र.स. | नम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | भरत प्रसाद रिजाल | मेयर | ०८९४१०११२, ९८५८०१७७७७ |
| २ | विना कार्की | उप-मेयर | ०८९४१०११४, ९८४८०८४२२६ |
| ३ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६११११ |
| ४ | नेत्र बुढा | प्र.नि., इलाका प्रहरी कार्यालय, दुल्लु | ९८५८७९०१४७ |
| ५ | समशेर बहादुर शाह ी | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ६ | प्रकाश रेग्मी | सुचना प्रविधि अधिकृत | ९८४४८७२८१३ |
| ७ | तर्क वहादुर खड्का | वडा अध्यक्ष, दु.न.पा - १ | ९७४८०३००९२ |
| ८ | फारामसिंह थापा | वडा अध्यक्ष, दु.न.पा - २ | ९८४८१४२२२० |
| ९ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| १० | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| ११ | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| १२ | यज्ञराज थापा (अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| १३ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |
| १४ | कूलबहादुर बि.क. (अध्यक्ष) | उद्योग वाणिज्य संघ | ०८९४२०३७१, ९८५८०५१२६१ |
| १५ | लाली बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| १६ | खेमराज के.सी. | नेपाल रेडक्रस सोसाइटी, दैलेख | ०८९४१०१७९, ९८४८०५०३०२ |
| १७ | टिका वि.क. | सेभ द चिल्ड्रेन | ९८४८४२२१३९ |

**खोज तथा उद्धार क्षेत्र**

| क्र.स. | नम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| २ | खेमराज के.सी. | नेपाल रेडक्रस सोसाइटी, दैलेख | ०८९४१०१७९,९८४८०५०३०२ |
| ३ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६१११११ |
| ४ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ५ | | प्र.नि., इलाका प्रहरी कार्यालय, दुल्लु | ९८५८७९०१४७ |
| ६ | प्रकाश रेग्मी | सुचना प्रविधि अधिकृत | ९८४४८७२८१३ |
| ७ | सुनिल प्रसाई (सेनानी गुल्मपती) | कालिदत्त  गुल्म, दैलेख | ९८५७०७११४१ |
| ८ | देवराज बिष्ट (स.प्र.ना.उ.) | सशस्त्र प्रहरी वल, आश्रित गुल्म | ०८९४१०२५५, ९८५१२५८२६६ |
| ९ | दिल बहादुर चौंधरी (प्र.अ.अ.) | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ०८९४१००६३, ९८४८०६५७५१ |
| १० | कुल वहादुर कार्की | वडा अध्यक्ष, दु.न.पा - ३ | ९८६९९७३४२७ |
| ११ | भ्रम वहादु भण्डारी | वडा अध्यक्ष, दु.न.पा - ४ | ९८६९९७८४१८ |
| १२ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| १३ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| १४ | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| १५ | यज्ञराज थापा (अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| १६ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**खाद्य तथा कृषि क्षेत्र**

| क्र.स. | नाम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | राजन कुमार विष्ट | कृषि विकास शाखा | ९८६८०७४९८९, ९८१९५७८९३६ |
| २ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६११११ |
| ३ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ४ | नरेश बि.क | प्र.नि., इलाका प्रहरी कार्यालय, दुल्लु | ९८५८७९०१४७ |
| ५ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| ६ | पूर्ण प्रसाद उपाध्याय | वडा अध्यक्ष, दु.न.पा - ५ | ९८४०८७१७१६, ९८२४५३२२११ |
| ७ | हस्त वहादुर खड्का | वडा अध्यक्ष, दु.न.पा - ६ | ९८६९५१७७४४ |
| ८ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ९ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| १० | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| ११ | यज्ञराज थापा ( अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| १२ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**स्वास्थ्य तथा पोषण क्षेत्र**

| क्र.स. | नाम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | बिष्णु बहादुर शाही | स्वास्थ्य शाखा | |
| २ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६११११ |
| ३ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ४ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| ५ | कविराम रावत | वडा अध्यक्ष, दु.न.पा - ७ | ९८६८११५८४३ |
| ६ | सुशिल कुमार भण्डारी | वडा अध्यक्ष, दु.न.पा - ८ | ९८५८०८४३२१ |
| ७ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ८ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| ९ | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| १० | यज्ञराज थापा ( अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| ११ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र**

| क्र.स. | नम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | शुसिला मिश्र | प्राविधिक शाखा | ९८४९७३३२५० |
| २ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६१११ |
| ३ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ४ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| ५ | तिलक प्रसाद उपाध्याय | वडा अध्यक्ष, दु.न.पा - ९ | ९८६८२२६३८३ |
| ६ | दिपेन्द्र कुमार पुरी | वडा अध्यक्ष, दु.न.पा - १० | ९८५८०६३३३६ |
| ७ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ८ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| ९ | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२९८ |
| १० | यज्ञराज थापा (अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| ११ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्र**

| क्र.स. | नम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| २ | खेमराज के.सी. | नेपाल रेडक्रस सोसाइटी, दैलेख जिल्ला | ०८९४१०१७९, ९८४८०५०३०२ |
| ३ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६१११ |
| ४ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ५ | सुरेन्दजंग भण्डारी | वडा अध्यक्ष, दु.न.पा - ११ | ९८४८११६७६८ |
| ६ | लिलाराम लम्साल | वडा अध्यक्ष, दु.न.पा - १२ | ९८५८०५०२१८ |
| ७ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ८ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| ९ | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२९८ |
| १० | यज्ञराज थापा ( अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| ११ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**संरक्षण तथा सुरक्षा क्षेत्र**

| क्र.स. | नाम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | जुनु सिंह | न्यायिक समिति | ९८४७४८१३२२ |
| २ | ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | ०८९४११०३९, ९८५८०६११११ |
| ३ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ४ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| ५ | खेमराज के.सी. | नेपाल रेडक्रस सोसाइटी, दैलेख जिल्ला | ०८९४१०१७९, ९८४८०५०३०२ |
| ६ | वृष वहादुर शाही | वडा अध्यक्ष, दु.न.पा - १३ | ९८४८२४६२१३ |
| ७ | तर्क वहादुर खड्का | वडा अध्यक्ष, दु.न.पा - १ | ९८४८०३००९२ |
| ८ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ९ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| १० | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| ११ | यज्ञराज थापा ( अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| १२ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**आपत्कालीन शिक्षा क्षेत्र**

| क्र.स. | नम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | विकाश जंग शाही | शिक्षा शाखा | ९८६४३६९६६४ |
| २ | समशेर बहादुर शाही | विपद् फोकल पर्सन | ९८५८०५०१९५ |
| ३ | मान बहादुर कार्की | आर्थिक प्रशासन | ९८४८१५६२०३ |
| ४ | लाल बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| ५ | खेमराज के.सी. | नेपाल रेडक्रस सोसाइटी, दैलेख जिल्ला | ०८९४१०१७९, ९८४८०५०३०२ |
| ६ | फारामसिंह थापा | वडा अध्यक्ष, दु.न.पा - २ | ९८४८१४२२२० |
| ७ | कुल वहादुर कार्की | वडा अध्यक्ष, दु.न.पा - ३ | ९८६९९७३४२७ |
| ८ | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ९ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ ,९७४८०२०४३१ |
| १० | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| ११ | यज्ञराज थापा (अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| १२ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

**शीघ्र पुनर्लाभ क्षेत्र**

| क्र.स. | नम | शाखा/पद | टेलिफोन नं |
|---|---|---|---|
| १ | तुलसी प्रसाद उपाध्याय | योजना | ९८५११८१३१५ |
| २ | तिलक वि.क. | प्रशासकीयअधिकृत | ९८५८०५१३८२ |
| ३ | शुसिला मिश्र | प्राविधिकशाखा | ९८४९७३३२५० |
| ४ | समशेर बहादुर शाही | विपद् फोकलपर्सन | ९८५८०५०१९५ |
| ५ | मन बहादुर कार्की | आर्थिक प्रशासन | ९८४८१५६२०३ |
| ६ | भ्रम वहादुर भण्डारी | वडा अध्यक्ष, दु.न.पा - ४ | ९८६९९७८४१८ |
| ७ | पूर्ण प्रसाद उपाध्याय | वडा अध्यक्ष, दु.न.पा - ५ | ९८४०८७१७१६ |
| ८ | लाली बहादुर रावत | नेपाल रेडक्रस सोसाइटी, दुल्लु उपशाखा | ९८४४८१२३१५ |
| ९ | खेमराज के.सी. | नेपाल रेडक्रस सोसाइटी, दैलेख जिल्ला | ०८९४१०१७९, ९८४८०५०३०२ |
| १० | लक्ष्मन खड्का | सेवक दैलेख | ९८४८०७८६०७ |
| ११ | दीपककुमार शाही | एभरेष्ट क्लव | ०८९४१०२४७ , ९७४८०२०४३१ |
| १२ | निरक शाही | दुल्लु एफ.एम. | ०९८४११०४५, ९८४८२२२२९८ |
| १३ | यज्ञराज थापा (अध्यक्ष) | नेपाल पत्रकार महासंघ, शाखा दैलेख | ९८४८०६४०८४ |
| १४ | महारुप खत्री (अध्यक्ष) | गैसस महासंघ | ९८५८०५०१४३ |

# परिच्छेद ५:

# सामान्य पूर्वतयारी योजना

विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयगतक्षेत्र अनुसार सामान्य पूर्वतयारीका गतिविधिहरू निम्नानुसार योजना गरिएको छ।

## (क) समग्र व्यवस्थापन, सूचना तथा संचार क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण समावेशी टोली गठन वा पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने, तालिम आयोजना गर्ने। | हरेक वर्ष अध्ययावधिक गर्ने | नगरपालीका स्तरमा र हरेक वडामा | नगर स्तरमा एक र हरेक वडामा एक | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन एवं सूचना प्रविधि शाखा |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा तथा विस्तृत घरधुरी क्षति लेखाजोखा गर्न सर्वेक्षण फारम तयार गर्ने। | बैशाख | नगरपालीका स्तरमा | १००० प्रति | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन एवं सूचना प्रविधि शाखा, नेपाल रेडक्रस सोसाइट |
| ३ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयार गर्ने। | भदौ मसान्त | नगरपालीका स्तरमा | १००० प्रति | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन एवं सूचना प्रविधि शाखा |
| ४ | बिपद्को घटना हुनासाथ सम्पूर्ण क्लस्टरहरुलाई तत्काल कार्य गर्नका लागी संस्थागत संयन्त्र स्वतः परिचालत हुने मापदण्ड तयार गर्ने। | विपद् पूर्वानुमानको आधारमा | नगरपालीका स्तरमा | हरेक वडामा एक र नगर स्तरमा एक | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन एवं सूचना प्रविधि शाखा, आपतकालिन कार्यसंचालन केन्द्र |
| ५ | बिपद्को समयमा स्थानीय आमसंचारका माध्यमलाई भुमीकामा आउनका लागी | बैशाख | नगरपालीका स्तरमा | नगर स्तरमा एक | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | मापदण्ड निर्धारण गर्ने । | | | | एवं सूचना प्रविधि शाखा |
| ६ | बिभिन्न सरकारी, निजि, गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक अभियन्ताहरु लगायत सम्बन्धित सबै पक्षलाई बिपद् व्यवस्थापनका क्षेत्रमा संलग्नता हुन समन्वय गर्ने । | बैशाख | नगरपालीका स्तरमा र हरेक वडामा | हरेक वडामा एक र नगरस्तरमा एक | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन एवं सूचना प्रविधि शाखा |
| ७ | बिपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशीक कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालीकाले तोके बमोजिमका समन्वयका कार्य गराउने । | पूर्वसुचनाको आधारमा | नगरपालीका स्तरमा | नगर स्तरमा एक | नगर विपद् व्यवस्थापन समिति, बिपद् व्यवस्थापन एवं सूचना प्रविधि शाखा |
| ८ | आपतकालिन सुचना संयन्त्र निर्माण गर्ने तथा प्रभावकारी बनाउने, जिल्ला तथा प्रदेश आपतकालिन कार्यसंचालन केन्द्र संग निरन्तर समन्वय गर्ने र सहयोग जुटाउने | निरन्तर | नगरपालीका स्तरमा | नगर सुचना संयन्त्र एक | आपतकालिन कार्यसंचालन केन्द |

## (ख) खोज तथा उद्धार

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने, सम्बन्धित विषयको तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | बैशाख, जेठ | नगर तथा वडामा | हरेक वडामा एक | विपद् व्यवस्थापन शाखा र ईलाका प्रहरी कार्यालय |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन वा पुनर्गठन गर्ने । आवश्यकता बमोजिम | हरेक सिजन शुरू हुनासाथ | नगर र हरेक वडामा | हरेक वडामा एक र नगरस्तरमा | नगर विपद् व्यवस्थापन समिति र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने, तालिम आयोजना गर्ने । | | | एक | ईलाका प्रहरी कार्यालय |
| ३ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत, व्यवस्थापन गर्ने । | निरन्तर | वडा र नगरस्तरमा | हरेक वडामा कम्तिमा एक सेट | नगर विपद् व्यवस्थापन समिति, वडा समितिहरू |
| ४ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्स, वारुणयन्त्रहरु र जे.सी.बी. तयारी अवश्थाका साथै सम्पर्क सूची तयार गर्ने । | निरन्तर | नगरस्तरमा | २ वटा एम्बुलेन्स १ वारुणयन्त्र र २ जे.सी.बी. | विपद् व्यवस्थापन शाखा, जोगबुडा अस्पताल, स्वास्थ्य केन्द्र/शाखा |
| ५ | सुरक्षित स्थान पहिचान र अद्यावधिक गर्न हरेक वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने र सोको सूची तयार एवं अद्यावधिक गर्ने । | निरन्तर | वडा अनुसार | वर्षमा १ पटक | विपद् व्यवस्थापन शाखा |
| ६ | आपत्कालीन अवस्थामा आश्रयस्थलहरुमा अत्यावश्यक हुने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने । उक्त संरचनाहरु लैंगिक तथा अपांगता मैत्री बनाउने | (तत्काल शुरु गर्नु पर्नेछ) | तोकिएको मापदण्ड अनुसार | एक योजना बनाएर | विपद् व्यवस्थापन शाखा |
| ७ | आपत्कालीन आश्रय भवनहरू ( निर्माण गर्ने) अथवा तोक्ने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदाय नजिक | उच्च एवं सुरक्षीत स्थानमा रहेका बिद्यालयहरुलाई | नगर, सम्बन्धित वडा |
| ८ | बाढी, पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सो बाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम | निरन्तर | नगरस्तरमा सञ्चालित एफ.एम. मार्फत | सिजन शुरू हुनुभन्दा अगावै कम्तिमा २ पटक | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने । | | | | |
| ९ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने । उक्त अभ्यासहरुमा महिला तथा अति संकटासन्न व्यक्तिहरुलाई प्रतिकार्यकर्ताको रुपमा अभ्यास गराई ज्ञान सिप हस्तान्तरण गरी आत्मबल बढाउन सहयोग गर्ने । | हरेक सिजन शुरू हुनुभन्दा अगाडी | वडा र नगरस्तरमा | हरेक वर्ष कम्तिमा १ | नगर विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु |

## (ग) खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्मा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य व्यापारीहरु पहिचान गर्ने । साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | नगर स्तरमा | वर्षको १ वा २ पटक | कृषि शाखा, सम्बन्धित कार्य समूह |
| २ | विपद्बाट प्रभावित हुनसक्ने घरधुरीहरुलाई आवश्यक पर्ने खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने वा करार सम्झौता गर्ने । | मनसुन सिजन शुरू हुनुभन्दा अगाडी | नगर स्तरमा | वर्षको २ पटक | कृषि शाखा, सम्बन्धित कार्यसमूह |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी स्थानिय व्यापारी पहिचान गरि अनुवन्ध करार गर्ने । | जेठ | नगरस्तरमा | कम्तिमा २ वटा ठूला पसलहरू | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे यस विषयगत क्षेत्रका सदस्यहरू वीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने । | बैशाख, जेठ | वडास्तरमा | कम्तिमा १ पटक | कृषि शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

## (घ) स्वस्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । | हरेक महिना, औषधिको गुण अनुसार | नगर स्तरमा | १००० जनाको लागि | स्वास्थ्य शाखा |
| २ | समावेशी स्वास्थ्य द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची अद्यावधिक गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | नगरस्तरमा | वर्षमा १ पटक | स्वास्थ्य शाखा, स्वास्थ्य कार्यसमूह |
| ३ | प्रतिकार्यको लागि आवश्यक समावेशी दक्ष जनशक्ति तयार गर्ने । | आवश्यकता अनुसार तत्कालै | नगरस्तरमा र वडास्तरमा | नगरस्तरमा २० जना, (प्रत्येक वाडमा ५ जनाका दरले) | स्वास्थ्य शाखा, नगरपालिका |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | वडास्तरमा | हरेक वडामा एक जना | स्वास्थ्य शाखा र विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | महामारी सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने । | नियमित | हरेक वडाका जोखिमयुक्त बस्तीस्तरमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा |
| ६ | विपद्को समयमा अपनाउनुपर्ने स्वास्थ्य सचेतनाहरु वारे जनचेतना समाग्रि सबैले बुझ्ने भाषा तथा भर्षणमा प्रशारण गर्ने जस्तैः स्थानीय भाषा, ब्रेल, अडियो, भिडियो आदि । | नियमित | सबै क्षेत्रमा सुनिने एफ एम वाट | वर्षमा कम्तिमा २ पटक | स्वास्थ्य शाखा |
| ७ | पोषणसुधार कार्यक्रमको नियमितता तथा विपदको अवस्थाका लागि पोषण युक्त खानेकुरा सुनिश्चिन गर्न स्टक राख्ने । | नियमित | नगरस्तरमा र वडास्तरमा | | स्वास्थ्य तगा पोषण शाखा, कृषि शाखा |

### (ङ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने औषधिको उचित भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार | नगर स्तरमा | वर्षमा कम्तिमा १ पटक | नगर स्तरीय बिपद् व्यवस्थापन समिती एवं खानेपानी उपभोक्ता समीतीहरु |
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने । | प्रकोप जोखिम अनुसार | नगर स्तरमा | वर्षमा कम्तिमा १ पटक | नगर स्तरीय बिपद् व्यवस्थापन समिती, खानेपानी, सरसफाई तथा स्वच्छता कार्य समूह |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गर्ने । | प्रकोप जोखिम अनुसार | नगर स्तरमा | वर्षमा कम्तिमा १ पटक | नगर स्तरीय बिपद् व्यवस्थापन समिती, खानेपानी, सरसफाई तथा स्वच्छता कार्य समूह |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | नगरपालिकामा रहेका खानेपानीसँग सम्बन्धित निकायहरू एवं उपभोक्ता समितिहरु |
| ५ | सरसफाई जन्य जनचेतनाकोलागि आवश्यक समाग्रिहरुको पूर्वतयारी गर्ने । | बैशाख/जेठ | नगर स्तरमा | | नगर स्तरीय बिपद् व्यवस्थापन समिती |

### (च) आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा वासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने । उक्त आश्रय लैंगिक तथा अपांगता मैत्री, बाल मैत्री बनाउनुपर्ने । | निरन्तर | सबै वडामा | १ हजार परिवारका लागि | भौतीक पूर्वाधार शाखा, नेपाल रेडक्रस सोसाइटी |
| २ | आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी | | थोक विक्रेता | १ हजार परिवारका | भौतीक पूर्वाधार शाखा, नेपाल |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | अनुबन्ध करार गर्ने । | | | लागि | रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्था र उचित संरक्षण गर्ने । | निरन्तर | सबै वडामा | १ हजार परिवारका लागि | भौतीक पूर्वाधार शाखा, नेपाल रेडक्रस सोसाइटी र सम्बन्धित वडा |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने । | निरन्तर | नगरका गोदाम घर (Warehouse) | कम्तिमा १०० परिवारका लागि | भौतीक पूर्वाधार शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ५ | अस्थायी आश्रय वा वास निर्माणको लागि समाबेशी टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि क्षमता विकास गर्ने । | निरन्तर | वडास्तरमा | वर्षमा १ पटक | विषयगत क्षेत्रका सदस्यहरू |

### (छ) संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिक बारे जानकारीमुलक पुस्तिका तयार एवम् प्रकाशन गर्ने ।<br>उच्च जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको तथ्यांक संकलन गर्ने तथा संरक्षणका तरिकाहरू बारे योजना निर्माण गर्ने ।लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सचेतनामूलक कार्य, अभिमुखिकरणहरु गर्ने तथा क्षमता बिकास गरी संरक्षण संयन्त्रलाई सुदृढिकरण गर्ने<br>लैंगिक हिंसा निवारण कोष स्थापना तथा कोष परिचालन कार्यविधि तयार गर्ने । | निरन्तर | नगरपालिका | वडागतरुपमा | महिला तथा बालबालिका विकास शाखा, दुल्लु नगरपालिका |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| २ | विपद्को समयान अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू खरिद गरी भण्डारण गर्ने ।<br><br>लैगिक हिंसा, जेष्ठ नागरीक, अपांगता सवाल सम्वन्धि अभिमुखिकरण गर्ने । | निरन्तर | नगरपालीकामा रहेको नेपाल रेडक्रसको गोदाम घर | १०० वटा | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रका सदस्यहरू |
| ३ | उमेरसमुह, शारीरिक अवस्था, अपाङ्गता अनुसार गरिनु पर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गर्ने र प्रशिक्षण गर्ने । | तत्काल | नगरपालिका | १ पटक | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ४ | विद्यालयका शिक्षकहरू र महिला स्वास्थ्य स्वयसेविकालाई आधारभूत मनोसामाजिक परामर्श तालिम दिने । | निरन्तर | वडास्तरमा | हरेक विद्यालयबाट १, वडामा २ जना | महिला विकास शाखा र नेपाल रेडक्रस सोसाइटी |
| ५ | विपद्को समयमा परिचालन हुने विषयगतक्षेत्रका सदस्यहरूको क्षमता विकासका लागि कृत्रिम घटना अभ्यास गर्ने । | निरन्तर | वडास्तरमा | प्रकोप अनुसार कम्तिमा १ पटक | विषयगत क्षेत्रका सदस्यहरू |

## (ज) आपत्कालीन शिक्षा विषयगत क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय,संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावित हुर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने । सम्भावित क्षतिको आँकलन गर्ने । | वर्षको १ पटक | वडा स्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने समाबेशी शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने । | निरन्तर | नगर स्तरमा | ५ वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३ | बाढी, पहिरो, आगलागी, चट्याङ्ग आदी वाट सुरक्षाका उपायको बारेमा विद्यालयमा जनचेतनामूलक | निरन्तर | विद्यालय स्तरमा | न.पा. भित्रका सम्पूर्ण निजी तथा सरकारी | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय,संस्था |
|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने । | | | बिद्यालयहरुमा | |
| ४ | चट्ट्याङ पर्ने समयमा त्यसबाट बच्न/जोगिन अपनाउनुपर्ने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने | निरन्तर | विद्यालय स्तर र नगरस्तरमा | न.पा. भित्रका बिद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | सचेतनामुलक शिक्षा सन्देस समाग्रि निर्माण गर्ने तथा एफ.एम.बाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने । सबै प्रकारका अपांगता भएका व्यक्तिले बुझ्ने सामग्री प्रसारण गर्ने । | निरन्तर | नगरस्तरमा | सिजना अनुसार प्रकोपमा केन्द्रित भई | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | उच्च जोखिमयुक्त विद्यालयमा विपद्को अवस्थामा विद्यार्थी र शिक्षकले गर्ने क्रियाकलापहरू समेटी आपत्कालीन योजना बनाउने । | निरन्तर | विद्यालय स्तरमा | प्रकोपमा आधारित रही १ पटक | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

## (झ) शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | प्रकोपहरूले असर नगर्ने सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालय र अन्य व्यवस्था गर्ने । | निरन्तर | वडास्तरमा | सबै वडाहरूमा | योजना प्रशासन शाखा र प्राविधिक शाखा, |
| २ | अत्यावश्यक सेवाहरू अवरूद्ध सुचारू गर्न तत्काल परिचालनका लागि प्राविधिक टोली र आवश्यक सामग्रीहरूको प्रवन्ध मिलाउने । | निरन्तर | नगरस्तर र वडास्तरमा | नगरमा एक, वडास्तरमा एक | योजना प्रशासन शाखा, प्राविधिक शाखा र विषयगत क्षेत्रका सदस्यहरू |

# परिच्छेद ६:

# पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

यस नगरपालिकामा विपद् पूर्वसुचना प्रणलिको स्थापनामा आधारीत रहेर उल्लेख्य काम हुन नसकेको अवस्था रहेकाले आगामि दिनमा मौसम पूर्वानुमानको सुचनालई आधारमानि विपद् पूर्वतयारी गनुपर्ने आवश्यकता रहेको छ र पूर्वसुचना प्रणलिको विकास तथा विस्तार योजनावद्ध किसिमले थाल्नुपर्ने आजको आवश्यकता छ। हाल जल तथा मौसम विज्ञान विभाग (हावा पानी कार्यालय)को मौसम पूर्वानुमानमा आधारीत रहेर विपद् जोखिम व्यावस्थापन गरिने पूर्वतयारी र प्रारम्भिक कार्य खासगरि प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने कृयाकलापहरूको योजना देहाय बमोजिम गरिएको छ।

## १० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्वतयारी र प्रारम्भिक कार्य

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग कार्यालयद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुख तथा उपप्रमुखहरूलाई जानकारी दिने | नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | संकटासन्न समुदायको पहुचहुने गरि अन्तरिक सूचना प्रवाह गर्ने, समुदाय विपद् व्यावस्थापन समितिलाई सजग बनाउने। | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | खाद्यन्न, गैर खाद्य पदार्थ, आश्रय सामग्रीहरु, पानी र औषधि आपत्कालिन भन्डारण गर्ने। | विषयगत क्षेत्र प्रमुखहरु, सहयोगी निकाय |
| | स्वास्थ्य केन्द्रहरु, शिक्षाकेन्द्र, र आश्रयस्थल जस्ता अस्थायी सुविधाका लागि स्थलगत योजना बनाउने। | विषयगत क्षेत्र प्रमुख, सहयोगी निकाय, नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण राहत प्याकेज र प्रारम्भिक प्राथमिकता सहायता पहिचान गर्ने। | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| | सम्बन्धित क्षेत्रमा विपद्को सम्भावना बारे समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरु र कार्यदलहरुलाई सूचित गर्ने। | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र,वडा विपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| | उच्च जोखिम क्षेत्र (नदीको तट नजिक बसोबास गरिरहेका मानिसहरु सबैभन्दा असुरक्षित हुन्) देखि बाढीको कारण विस्थापित हुनसक्ने सम्भावित जनसंख्याको पहिचान गर्ने | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, गैरखाद्य तथा आवास व्यवस्थापन विषयगत क्षेत्र |
| उच्च | कृषकहरूलाई तत्कालिन कृषिवालीमा पर्नसक्ने असरवारे सूचित गर्ने र असर न्यूनिकरण वारे सुचित गर्न प्रयास गर्ने। | कृषि तथा खाद्यसुरक्षा विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, कृषक समूहहरु |
| | समुदायको सहज पहुँचको लागि झटपट्ट झोला र अन्य त्यस्तै संचित सामग्री संकटासन्न सामुदायहरुमा तयार गर्ने | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| | आपत्कालिन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य | नगरपालिका , स्वास्थ्य खानेपानी, |

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| | किट स्थानीय स्वास्थ्य केन्द्रलाई सहयोग उपलब्ध गर्ने । | सरसफाई र पोषण विषयगत क्षेत्र, स्वास्थ्य क्षेत्रमा कार्यरत गैससहरु |
| | अस्थायी शिविरकालागि सुरक्षित स्थानहरु पहिचान गर्ने तथा आवश्यक समाग्रिको स्टक राख्ने । | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्वयमसेवकहरु, वडा कार्यालय |
| | तयारी खाद्य पदार्थको प्याकेजिङ्ग र पहिचान गरिएको संकटासन्न समुदाय नजिक भण्डारण गर्ने व्यवस्था नर्गे । | खाद्य तथा कृषि विषयगत क्षेत्र,उद्योग बाणिज्य संघ, पेशागत व्यवसायिक संघसंस्थाहरु |
| मध्यम | अति सङ्कटासन्न बस्ती र टोलका उपयुक्त स्थानमा प्राथमिक उपचार किट र क्लोरिन घोल (पानी निर्मलीकरण) भण्डारको व्यवस्था गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र |
| | आपत्कालिन औषधि मौज्दात राख्ने | स्वास्थ्य तथा पोषण क्लस्टर |
| | सुरक्षित मार्ग, परिवहन वाहन आदिको योजना बनाउने | नेपाल रेडक्रस सोसाइटी क्लस्टर प्रमुखसँग |
| | प्रारम्भिक लेखाजोखा बिवरण फारम तथा घरधुरी मूल्यांकन सर्वेक्षण सामग्रीको मुद्रण कार्य गर्ने | क्लस्टर प्रमुखको समन्वयमा सम्बन्धित सबै लाइन एजेन्सीहरु |
| | सुरक्षित घर र शिविर व्यवस्थापन टोली बनाउने | नगरपालिका , नेपाल रेडक्रस सोसाइटी, गौरखाद्य तथा आवास व्यवस्थापन विषयगत क्षेत्र |
| | प्रभावित हुनसक्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र, महिला, बालबालिकाका क्षेत्रमा कार्यरत गैससहरु |
| | आवश्यक परिमाणमा सुख्खा खानेकुरा तथा पउिने पानीको व्यवस्था गर्ने | नगरपालिका , उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी |
| | स्थानीय विपद पूर्व तयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिम र अभिमुखीकरण प्रदान गर्ने | विषयगत क्षेत्र प्रमुखहरु, स्थानीय गैससहरु |
| | घरपालुवा जनावरहरु भण्डारणको लागि र जीवन निर्वाह सामग्रीहरुका लागि सुरक्षित स्थानको पहिचान गर्ने | नगरपालिका , पशुसेवा शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| न्युन | सम्पूर्ण पूर्व तयारी (साधारण) गतिविधिहरु पहिले नै सम्पन्न भैसकेको सुनिश्चित गर्ने | नगरपालिका , विषयक्षेत्रगत अगुवा निकाय, संघ संस्थाहरु |

## ३ दिनको पूर्वानुमानद्वारा शुरू हुने प्रारम्भिक कार्य र पूर्वतयारी

| ट्रिगर लेभल | ीक्रयाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग महाशाखाद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुखहरुलाई जानकारी दिने । | नगरपालिका , विषयक्षेत्रगत प्रमुखहरु |
| | हरेक क्लस्टरका लागि समन्वय बैठक, स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बोलाउने । | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्रगत प्रमुखहरु |
| | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिका बैठक बस्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | अति सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोत साधन अनुगमन गर्ने । | नगरपालिका , सुरक्षा निकाय |
| | स्थानीय विपद् प्रतिकार्य टोलीको परिचालन, सम्भावित खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | नगरपालिका , सुरक्षा निकाय |
| | प्रभावितहुन सक्ने तथा आश्रयस्थल र शिविरहरु निर्माण गर्नुपर्ने स्थानमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त ड्राई फुड स्थानान्तरित गर्ने | नगरपालिका , वडा कार्यालय, सुरक्षा निकाय |
| | सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण घोल वितरण गर्ने । | नेपाल रेडक्रस सोसाइटी, विश्व स्वास्थ्य संगठन |
| | ज्येष्ठ नागरिक , अपाङ्गता भएका ब्यक्ति, गर्भवती महिला र आपतमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने | नगरपालिका , वडा कार्यालय, सुरक्षा निकाय |
| | अति सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने | नगरपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय नगरपालिका, वडा कार्यालयसुरक्षा निकाय |
| | सामान्य पूर्वतयारीका क्रियाकलापहरु सुचारु रुपले कार्यान्वयन भए नभएको अनुगमन गर्नु | नगरपालिका विपद् व्यवस्थापन शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | प्रतिकार्य कमान्ड पोस्टको विकास गर्ने, सङ्कटासन्न परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने | नगरपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय |
| | घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने | स्वास्थ्य विषयगत क्षेत्र |
| | समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक गर्ने | नगरपालिका , विषयगत क्षेत्र प्रमुख,नेपाल रेडक्रस सोसाइटी |
| मध्यम | गर्भवती महिला तथा नर्सिङ आमाहरूलाई स्वस्थ किट | संरक्षण विषययगत क्षेत्र, नेपाल रेडक्रस |

| | | |
|---|---|---|
| | वितरण गर्ने | सोसाइटी, गैससहरु |
| | खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला वितरण गर्ने | अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु/गैर सरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी पुर्जा प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली वितरण गर्ने | गैर सरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
